# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८०

स्वीकृत मितिः २०८०।१२।२२

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको कार्यसम्पादनलाई चुस्त तथा व्यवस्थित बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउन, कार्यालयमा कार्यरत कर्मचारीको नेतृत्व, सक्षमता, कार्यअनुभव, रुची, दक्षताको आधारमा पारदर्शी एवम् अनुमानयोग्य रूपमा पदस्थापन, सरुवा तथा काज खटाई सर्वसाधारणको सेवा प्रवाहलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आन्तरिक कार्य व्यवस्थाको लागि देहायको मापदण्ड बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८०" रहेको छ।

(२) यो मापदण्ड शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको दरवन्दीमा रहने कर्मचारी सम्झनु पर्छ र सो शब्दले काजमा वा प्रचलित कानूनी व्यवस्था बमोजिम अन्य कुनै किसिमले कार्य गर्न खटिने स्थायी कर्मचारीलाई समेत जनाउँछ।

(ग) "निवेदक" भन्नाले सरुवा वा काजको लागि खटिन निवेदन दिने कर्मचारी सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ङ) "मापदण्ड" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायमा कर्मचारीको पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने सम्बन्धी मापदण्ड, २०८० सम्झनु पर्छ।

## परिच्छेद-२

## कर्मचारी खटाउने आधार

३. **कर्मचारी पदस्थापन तथा खटाउने आधार**: मन्त्रालय तथा मातहतका निकायमा संघीय तहका कर्मचारीको पदस्थापन, सरुवा तथा काज खटाउने आधार देहाय बमोजिम हुनेछन्ः-

(क) प्रचलित निजामती सेवा सम्बन्धी कानूनमा उल्लिखित पदस्थापन, सरुवा तथा काज सम्बन्धी प्रावधान,

(ख) संघीय निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव समेत दिलाउनका लागि निजामती सेवासम्बन्धी कानूनमा निर्धारित क, ख, ग र घ वर्गका जिल्लाहरूमा पूरा गरेको सेवा अवधिलाई आधार मान्ने,

(ग) पदस्थापन, सरुवा वा काज खटाउदा निजको रुची, योग्यता, दक्षता, अनुभव र संगठनको आवश्यकताबीच सन्तुलन कायम गर्ने,

(घ) हालको पदमा भएको नियुक्ति वा बढुवाको जेष्ठता र कर्मचारीको कार्यक्षमता।

४. **मन्त्रालयले प्राथमिकता दिन सक्ने**: (१) मन्त्रालयले कर्मचारीलाई हाल कार्यरत स्थानमा निजले सम्पादन गरेको कार्यको मूल्याङ्कनमा उत्कृष्ट नतिजा प्राप्त गर्ने कर्मचारीलाई सुगम स्थान वा निजको रुची अनुसार पदस्थापन, सरुवा वा काज खटाउदा प्राथमिकता दिनेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम प्राथमिकता दिदा दुर्गम भौगोलिक क्षेत्रमा काम गरेको अवधिलाई प्राथमिकता दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्राथमिकतामा अपाङ्गता भएका तथा दीर्घरोग भएका कर्मचारीलाई सुगम भौगोलिक स्थानमा पदस्थापन, सरुवा वा काज खटाउन सकिनेछ।

५. **अवधि सम्बन्धी व्यवस्था**: (१) संघीय निजामती सेवामा रही जिल्लास्तरमा कार्यरत कर्मचारीलाई तोकिएको अवधि नपुगी केन्द्रस्तरमा सरुवा वा काजमा खटाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी अशक्त भएको भनी मेडिकल बोर्डले सिफारिस गरेमा वा दरवन्दी कटौती भई फाजिलमा परेमा वा मातृशिशु स्वास्थ्य संवेदनशीलताको अवस्था रहेमा वा कुनै कर्मचारीको कुनै कार्यालयमा विशेषज्ञ सेवा आवश्यक भएको जस्ता विशेष अवस्थामा सरुवा वा काजमा खटाउन बाधा पर्ने छैन।

(३) केन्द्रस्तरमा पाँच वर्ष अवधि कार्यरत कर्मचारीलाई उपदफा (२) बमोजिम विशेष अवस्थामा बाहेक जिल्लास्तरका कार्यालय वा केन्द्रस्तरकै कार्यवोझ बढी भएका अन्य

कार्यालयमा सरुवा गरिने वा काजमा खटाइने छ। यसरी सरुवा वा काज खटाउँदा जिल्लास्तरका कार्यालयमा खटाउन प्राथमिकता दिइनेछ।

## परिच्छेद-३

## सरुवा तथा काज सम्बन्धी व्यवस्था

६. सरुवा वा काज सम्बन्धी व्यवस्थाः (१) राजपत्र अनंकितका पदमा कार्यरत कर्मचारीलाई सम्भव भएसम्म घरपायक सरुवा गरिनेछ।

(२) सम्भव भएसम्म राजपत्र अनंकित कर्मचारीको पति/पत्नी सरकारी सेवामा भए एउटै जिल्लामा खटाइनेछ।

(३) लामो समय अध्ययन, असाधारण तथा अन्य विदामा रहेका कर्मचारीहरूको दरवन्दी कार्यबोझ कम भएका कार्यालयमा सारिनेछ। यसरी दरवन्दी सार्दा कार्यालय प्रमुखको पदमा सारिने छैन।

(४) नयाँ नियुक्ति भएका कर्मचारीलाई पदस्थापना गर्दा लोक सेवा आयोगको सिफारिसमा योग्यताक्रमलाई आधार लिइनेछ।

(५) दुर्गम जिल्लाहरूमा एक वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीहरूलाई निजहरूको रुची समेतलाई आधार मानी सुगम क्षेत्रको कार्यालयमा सरुवा गरिनेछ।

(६) वैदेशिक अध्ययन अनुमति शाखामा एक वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीहरूलाई निजहरूको रुची समेतलाई आधार मानी अन्य कार्यालयमा सरुवा गरिनेछ।

(७) कुनै पदमा शुरु नियुक्ति वा बढुवा भई आउने कर्मचारीलाई निजहरूको योग्यता र अनुभवको आधारमा वैदेशिक अध्ययन अनुमति शाखा, छात्रवृत्ति शाखा र दुर्गम जिल्लाहरूमा पदस्थापन गरिनेछ।

७. इकाइ प्रमुखका सम्बन्धमाः (१) इकाइ प्रमुखको हकमा पदस्थापन, सरुवा वा काज खटाउन देहाय बमोजिम गरिनेछः

(क) राजपत्राङ्कित द्वितीय श्रेणी र राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत इकाइ प्रमुख रहने जिल्लाको लागि खटाइने सम्वन्धमा इकाइ प्रमुखको सूची (रोष्टर) तयार गर्ने,

(ख) सूचीमा समावेश भएकामध्ये उपलब्ध भएसम्म सम्वन्धित पदमा न्यूनतम तीन वर्ष सेवा अवधि पूरा भएका अधिकृतलाई इकाइ प्रमुखमा खटाउने।

(२) कुनै जिल्लामा इकाइ प्रमुखको पद रिक्त भै एक तह मुनिको कर्मचारीलाई जिम्मेवारी दिनु परेमा न्यूनतम पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीमध्येबाट कायम मुकायम

वा निमित्तको जिम्मेवारी प्रदान गर्न सकिनेछ। सोही कार्यालयमा एक तह मुनिको पदमा तीन वर्ष सेवा अवधि पूरा गरेका कर्मचारी नभएमा सो अवधिभन्दा कम अवधि भएको कर्मचारीलाई निमित्तको जिम्मेवारी दिन बाधा पर्ने छैन ।

(३) एउटा जिल्लाको शिक्षा विकास तथा समन्वय ईकाइको प्रमुख अर्को जिल्लामा सोही पदमा सरुवा गर्नुपर्ने भएमा निजको कार्यरत कार्यालयको कार्यसम्पादन स्तरलाई मध्यनजर गरिनेछ।

## परिच्छेद-४

## विविध

८. बाधा अड्काउ फुकाउन सक्नेः यस मापदण्डको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा प्रचलित कानून बमोजिम फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

९. निवेदन दिन सक्नेः मन्त्रालय वा मातहतका कार्यालयमा अवधि पुगेका कर्मचारीले आफूले सरुवा हुन चाहेको कार्यालय उल्लेख गरी मन्त्रालय वा सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

१०. ढाँचा तोक्न सक्नेः यस मापदण्ड बमोजिम दिनु पर्ने निवेदनका सम्बन्धमा मन्त्रालयको सचिवले आवश्यकता अनुसार ढाँचा तोकी लागू गर्न सक्नेछ।

११. जुनसुकै बखत सरुवा गर्न सक्नेः कुनै कर्मचारीको काम, कारवाही व्यवहार वा आचरणको कारण निज कार्यरत पदमा राखी राख्न उपयुक्त नभएमा निजलाई जुनसुकै बखत सरुवा गर्न सकिनेछ।

१२. प्राथमिकता दिनु पर्नेः महिला कर्मचारीलाई सरुवा गर्नुपर्दा निजको मातृशिशु स्वास्थ्य संवेदनशीलतालाई समेत ध्यान दिइनेछ।

१३. गुनासो सम्बन्धी व्यवस्थाः मन्त्रालयबाट भएको सरुवाका सम्वन्धमा कुनै कर्मचारीको कुनै गुनासो भएमा सम्वन्धित कर्मचारीले सचिव समक्ष स्पष्ट कारणसहितको लिखित निवेदन दिन सक्नेछ। त्यस्तो निवेदनउपर मन्त्रालयबाट सात दिनभित्र कारवाही गरिसक्नु पर्नेछ।

१४. बाझिएको हकमा अमान्य हुनेः मापदण्डको प्रबन्ध प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।